☎ फोन नं: 9855048899
Email : pmamp.piu.bara@gmail.com
वेबसाइट : piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ, बारा

**क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट कृषि मेशिनरी उकरणहरुको आपुर्तिकर्ताबाट शिलबन्दी प्रस्ताव आव्हानको सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०७९/१०/१३)**

यस परियोजनाको चालू आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रमअनुसार यस परियोजनाबाट सञ्चालन हुने विभिन्न कार्यक्रम अन्तर्गत कृषि मेसिनरी यन्त्र उपकरणहरु अनुदानमा वितरण गर्ने प्रयोजनका लागि यस परियोजनाबाट छनौट भएका अनुदानग्राहीलाई कृषि मेसिनरी यन्त्र उपकरणमा अनुदान दिने प्रयोजनका लागि योग्यता पुगेका इच्छुक कृषि यन्त्र उत्पादक, आपूर्तिकर्ता, वितरकहरुबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १६ दिन अर्थात् मिति २०७९।१०।२८ गते दिनको १२:०० बजेभित्र यस प.का.ए.मा सिलबन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ ।

यस परियोजनामा दर्ता भएका सिलबन्दी प्रस्ताव सूचना प्रकाशित भएको मितिले १६औं दिन मिति २०७९/१०/२८ गते दिनको २:०० बजे आपूर्तिकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको रोहबरमा सिलबन्दी प्रस्ताव खोलिनेछ । सिलबन्दी प्रस्ताव खोल्ने दिन बिदा पर्न गएमा सोको भोलिपल्ट प्रस्ताव खोलिनेछ । आपूर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन । थप विस्तृत जानकारीको लागि प.का.ए.मा सम्पर्क गर्न सकिनेछ ।

**आवश्यक कागजात तथा शर्तहरु**

१. फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२. फर्म नविकरणका प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नुपर्ने ।

३. प्यान वा भ्याट प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

४. पछिल्लो तीन आ.व.को लेखा परीक्षणको प्रमाणित प्रतिलिपि (सम्बन्धित कामको अनुभव ३ वर्षको हुनुपर्ने) ।

५. उत्पादनकर्ता कम्पनीले प्रदान गरेको आधिकारिक एजेन्टको (Authorized Agent) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

६. पछिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

७. आपूर्ति गरिने कृषि मेशिनरी उपकरणहरुको Specification खुल्ने Catalogs र Leaflets ।

८. आपूर्तिकर्ताले आपूर्ति गर्न सक्ने कृषि मेशिनरी यन्त्र उपकरणको परिमाणको कुल रकमको न्यूनतम ५% बराबरको १३ महिनासम्म म्याद भएको सकल बैङ्क ग्यारेन्टी वा सो बराबरको रकम यस परियोजनाको कार्यालय कोड नम्बर ३१२००२१०१ तथा रा.वा. बैङ्क कलैया बाराको धरौटी खाता नम्बर १२६०१००१०२०३०००० मा जम्मा गरी सक्कल भौचरसहित पेश गर्नुपर्ने छ ।

९. आपूर्तिकताले कृषि यन्त्र उपकरणमा अनुदान कार्यक्रमका लागि सबै कृषि मेसिनरी उपकरणहरु वा आंशिक मेसिनरी उपकरणहरुको शिलबन्दी प्रस्ताव पेश गर्न सक्नेछ ।

१०. सूचिकृत भएको आपूर्तिकर्ताले प्रस्तावमा पेश गरेका यन्त्र उपकरणहरुलाई किसिम (Type), क्षमता (Capacity), मोडेल (Model), ब्राण्ड (Brand) र स्पेशिफिकेशन (Specification) को आधारमा एकै खालका यन्त्र उपकरणहरुलाई समूहकृत गरी उक्त समूहमा परेको न्यूनतम मूल्यलाई आधार मानी मूल्य तोकिनेछ । छनौट भएका अनुदानग्राहीहरुले आफूले रुचाएको कृषि मेसिनरी यन्त्र उपकरणहरु सूचिकृत भएका आपूर्तिकर्ताबाट सम्बन्धित कृषि मेसिनरी यन्त्र उपकरणहरु खरिद गर्नेछन् ।

११. यस परियोजनाका स्वीकृत कार्यक्रमहरुको विनियोजित रकमको अधिनमा रही अनुदानग्राहीबाट माग भएका कृषि मेसिनरी यन्त्र उपकरणहरु आपूर्ति गर्नुपर्ने छ । यसरी आपूर्ति गर्दा अनुदानग्राहीबाट शत प्रतिशत रकम लिई कृषि मेसिनरी यन्त्र उपकरण उपलब्ध गराउनुपर्ने छ । अनुदानबापतको रकम अनुदानग्राहीको खातामा जम्मा हुने गरी यस कार्यालयबाट भुक्तानी हुनेछ ।

निमित्त कार्यालय प्रमुख